अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९/०९/११ गते

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---

खोटाङ जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) को आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरो पर्ने गरी, मानिस नै नभएको, मृत्यु भैसकेको, अभिलेख नै नभएको व्यक्ति तथा बसाईसराई गरी अन्यत्र गएको व्यक्तिको समेत सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाई बनाई सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न निम्न प्रतिवादीहरुलाई देहायबमोजिमको कसुर सजाय र विगो असुलउपरको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

**(१) तत्कालीन वडा सचिव मोहन प्रसाद आचार्यले** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक बर्ष २०७४/०७५ को पहिलो चौमासिक किस्तामा उक्त वडामा सामाजिक सुरक्षा भत्ता बितरण गर्दा ९(नौ) जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदासमेत निजहरुको नाम देखाई खर्च लेखी रु.५५,२००।- हिनामिना गरी निज वडा सचिव मोहन प्रसाद आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको देखिएकोले **तत्कालीन वडा सचिव मोहन प्रसाद आचार्य**उपर बिगो रु.५५,२००।– (पचपन्न हजार दुई सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सजाय र बिगोबमोजिम जरिवाना हुन एवं उक्त ऐनको दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु.५५,२००।- निजबाट असुल उपर हुनसमेत मागदावी लिइएको छ ।

**(२) तत्कालीन वडा सचिव जानुका श्रेष्ठले** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक बर्ष २०७४/०७५ को दोस्रो किस्तादेखि आर्थिक बर्ष २०७५/०७६ को दोस्रो किस्तासम्म उक्त वडामा सामाजिक सुरक्षा भत्ता बितरण ३०(तीस) जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदासमेत निजहरुको नाम देखाई खर्च लेखी रु.१,७७,६००।- हिनामिना गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको देखिएकोले **तत्कालीन वडा सचिव जानुका श्रेष्ठ**उपर बिगो रु.१,७७,६००।- (एक लाख सतहत्तर हजार छ सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सजाय र बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु.१,७७,६००।- निजबाट असुलउपर हुनसमेत मागदावी लिइएको छ ।

**(३) तत्कालीन वडा सचिव पबन श्रेष्ठले** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, वडा नं. ४ (साविक खाल्ले गा.वि.स.) मा आर्थिक बर्ष २०७५/०७६ को तेस्रो किस्तामा उक्त वडामा सामाजिक सुरक्षा भत्ता बितरण गर्दा ७(सात) जनाको नाममा सामाजिक सुरक्षा भत्ता रकम निकासा गरी/गराई लाभग्राही नै नहुँदासमेत निजहरुको नाम देखाई खर्च लेखी रु.३५,२००।- हिनामिना गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको कसुर गरेको देखिएकोले **तत्कालीन वडा सचिव पवन श्रेष्ठ**उपर विगो रु.३५,२००।- (पैतीस हजार दुई सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सजाय र बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना गरेको सामाजिक सुरक्षा भत्ता रु.३५,२००।- निजबाट असुल उपर हुनसमेत मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी